जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २८३ २०८० साल असार ५ गते मंगलबार (20 June 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समाजवादी मोर्चा... ३ पृष्ठमा : नेपालमा खाद्य असुरक्षा बढ्यो ... ३ पृष्ठमा भारतमा अत्यधिक गर्मीका कारण ...

# राजविराज हटिया बारे बोर्डको निर्णय कावा प्रमुखले एकलौटी ढंगले उल्टाएपछि नगरपालिकामा आन्तरिक द्वन्द चर्कियो

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

राजविराज वडा नं. ७ स्थित हटियाको जग्गा अतिक्रमण बारे नगरपालिकाको बोर्डको निर्णयलाई कार्यवाहक प्रमुखले उल्टाएर आफू अनुकुल निर्णय गरेको खुलासा भएको छ ।

हटियाको जग्गा अतिक्रमण बारे नगरपालिकाको २०७९ मंसिर २९ गते बसेको बोर्डको बैठकले हटिया अवस्थित राजविराज नगरपालिकाको अधिनस्त जग्गा अतिक्रमण भएको ठहरे जति जग्गा अतिक्रमण हटाई खाली गर्ने निर्णय सर्वसम्मत्तिले गरेको थियो ।

तर, सो निर्णयलाई कार्यवाहक प्रमुख इसरत परबिनले उल्टाउँदै त्यसको विपरीत निर्णय गरेको पाइएको छ । २०७९ साल फागुन २८ गते हटिया अनुगमनका क्रममा कार्यवाहक प्रमुख परबिनले स्थानियको उपस्थितीमा बाटोको चौडाई ६ मिटर र नाला २ मिटर गरि जम्मा ८ मिटरमा गिलेशनदेखी छोडेर निर्माण कार्य गर्ने एकल निर्णय गरेको पाइएको छ ।



बोर्डको पछिल्लो निर्णयलाई वेवास्ता गर्दै ठेकेदार कम्पनीले कार्यवाहक प्रमुखको एकलौटी निर्णय बमोजिम नै कार्य सुरु गरेपछि विवाद उत्कर्षमा पुगेको छ । विवाद सुरु भएपछि वडा नं. ७ को कार्यालयले २०८० असार ३ गते ठेकेदार कम्पनी र सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरी समेतलाई काम रोक्न पत्र पठाएको छ ।

यद्दपी सोही दिन राजविराज नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवद्वारा सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरीलाई कार्यवाहक प्रमुखको अध्यक्षतमा २०७९ साल फागुन २८ गते बसेको बैठकको निर्णय अनुसार नै बाटोको चौडाई ६ मिटर र नाला २ मिटर समेत जम्मा ८ मिटरमा गिलेशनको नालादेखी ६ मिटर सडक र १ मिटर नालाको निर्माण कार्य यथासिघ्र गराउन पत्र काटिएको पाइएको छ ।

सोही पत्रलाई आधार मानी सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरीले राजविराज नगरपालिकालाई हटियामा निर्माणाधीन सटरहरुको कार्य निर्माण व्यवसायीबाट एक/दुई दिन भित्रै निर्माण कार्य अगाडी बढाउन सहमति भएको र सोही अनुरुप निर्माण सामाग्रिहरु पनि साइटमा उपलब्ध गराउन थालिएको व्यहोरा जानकारी गराएको छ ।

यता वडा नं. ७ का अध्यक्ष शुभाषचन्द्र यादवले २०७९ मंसिर २९ गते बसेको बोर्डको निर्णयलाई नै आधार मानी अतिक्रमित जग्गालाई खाली गराई गिलेशनको कार्य संचालनको माग गरेका छन् । उनले बोर्डको निर्णय उल्टाउने अधिकार कार्यवाहक प्रमुखलाई नरहेको भन्दै यदी बोर्डको निर्णय अनुसार कार्य नभए निर्माण कार्यमा अवरोध गरिने जनाएका छन् ।

# तीन करोड ५६ लाख बराबरको अवैध सम्पत्ति कमाएको अभियोगमा मुद्दा दायर

काठमाडौं, ४ असार (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा जलस्रोत तथा सिँचाइ विभागका तत्कालीन महानिर्देशक मधुकरप्रसाद राजभण्डारीविरुद्ध सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आरोपी राजभण्डारीविरुद्ध रु तीन करोड ५६ लाख ७७ हजार तीन सय ४६ बराबरको बिगो कायम गरी सोमबार मुद्दा दायर गरेको सहायक प्रवक्ता देवीप्रसाद थपलिया जानकारी दिनुभयो । विसं २०५१ फागुन ३० गते सार्वजनिक सेवामा प्रवेश गरेका राजभण्डारी २०७९ भदौ ३१ गते मात्रै सेवाबाट अवकाश पाएका थिए ।

आयोगका अनुसार राजभण्डारीको वैधानिक आय पारिश्रमिक बचत, उहाँको श्रीमतीको पारिश्रमिक बचत, उपदान, दैनिक भ्रमण भत्ता तथा स्थानीय भत्ता, बीमा परिपक्व भई प्राप्त भएको आय, शेयर बिक्रीबाट प्राप्त आय गरी रु तीन करोड

*बाँकी अन्तिम पृष्ठमा*

# बृहत स्वास्थ्य शिविरमा घुइचो



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. १ कार्यालयको समन्वयमा सोमबार निशुल्क बृहत स्वास्थ्य शिविर संचालन भएको छ ।

प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवको पहल संचालन भएको उक्त शिविरमा विशेषज्ञहरुद्वारा एक दर्जन भन्दा बढी रोगको उपचार व्यवस्था मिलाइएपछि शिविरमा बिरामीको घुइचो समेत लागेको छ ।

शम्भुनाथ नगरपालिका १ खोक्सर प्रवाहामा सोमबार आयोजित शिविरको प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गर्दै स्वास्थ्यको सुचकांकमा सप्तरी निकै पछाडी रहेको बताउँदै गरिबी र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेकाहरुलाई लक्षित गरि शिविरको आयोजना गरिएको बताए ।

शिविरमा जनरल सर्जरी, मुटु रोग, नाक कान, घाटी, छाला, मानसिक, स्त्रीरोग, बाल रोग, हार्डजोर्नी, दन्त, आँखा उपचार सेवा प्रदान गरिएको शिविरमा व्यवस्थापन टोलीको नेतृत्व गरेका नोबेल मेडिकल कलेजका मार्केटिङ अफिसर नविन दाहालले जानकारी दिए ।

शिविरमा नोबेल मेडिकल कलेज तथा काठमाडौं मेडिकल कलेजका विशेषज्ञ चिकित्सक टोली र स्वास्थ्यकर्मीको सेवा र प्राविधिक सहयोग प्राप्त भएको वडा अध्यक्ष दुर्गानन्द भगतले बताए ।

काठमाडौं मेडिकल कलेज र नोबेल अस्पतालका विभिन्न रोगका विशषेज्ञसहितको ३३ सदस्यीय चिकित्सक टोलीले उपचार सेवा प्रदान गरेका छन् ।

शिविरमा २ हजार भन्दा बढीले स्वास्थ्य सेवा प्राप्त गरेको प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवका स्वकिय सचिव अनिल यादवले जानकारी दिए ।

# ग्यास चुल्होको पाइप लिक भइ आगलागि हुँदा एक जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीको कंचनरुप नगरपालिका १२ बस्तिपुरमा ग्यास चुल्होको पाइप लिक भइ आगलागि हुँदा एक जना घाइते भएका छन् ।

स्थानिय ६० वर्षिय खडक नरायण श्रेष्ठको भान्सा कोठामा ग्यास चुल्होको पाईप लिक भएपछि पाईप सच्चाउने क्रममा सो आगलागि हुँदा श्रेष्ठ घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागि हुदाँ श्रेष्ठको हात, खुट्टा र टाउँको पोलेर घाईते भएपछि स्थानिय कृति अस्पताल रुपनगरमा उपचार भइरहेको छ ।

आगलागिमा घर भित्र रहेको फ्रिज, चामल, दाल, बल्याङकेट,

*बाँकी अन्तिम पृष्ठमा*

**विषादीको प्रयोगमा सचेत बनौं**

विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,

- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक–वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु।
- हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ–स्वाँ बढ्नु र मुर्छा पर्नु।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समाजवादी मोर्चा किन ?

**मनहरि तिमिल्सिना**

काठमाडौं, ४ असार (रासस)।

सोमबार नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), जनता समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नेपाल कम्युनिस्ट पार्टी लगायतका राष्ट्रिय राजनीतिका प्रभावशाली कम्युनिस्ट एवं वामपन्थी शक्तिको संयुक्त साझा मोर्चा घोषणा हुँदैछ, जसलाई 'समाजवादी मोर्चा नेपाल' नाम दिइएको छ। राष्ट्रिय राजनीतिका स्थापित दलहरूको भविष्यमाथि अनेकौं बहस र नयाँ भनिएका दलहरूको भूमिकाबारे विभिन्न कोणबाट विश्लेषण भइरहेको परिदृश्यमा घोषणा हुने मोर्चाको कार्यभार कस्तो रहला, भूमिका कस्तो होला, गठबन्धन र सिंगो राष्ट्रिय राजनीतिमा मोर्चाको स्थान कहाँ रहला ? यस्ता अनगिन्ती प्रश्न र जिज्ञासाहरू जनमानसमा देखिन्छन्। यो टिप्पणी तिनै विषयको वरिपरि केन्द्रित छ।

**मोर्चाको आवश्यकता**

जनयुद्ध र जनआन्दोलनको बलमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रले आम नागरिकमा अभूतपूर्व राजनीतिक एकता र जागरण मात्र पैदा गरेन, अपितु नागरिकमा असीमित आकांक्षाहरूसमेत पैदा गरिदियो। बदलिएको व्यवस्थाअनुरूप अवस्था बदल्ने प्रयत्नका बाबजुद उक्त प्रयत्नमा जनताले प्रत्यक्ष रूपमा अनुभूत गर्नेगरि परिणाम हासिल नहुँदा जनतामा कुण्ठा र निरासाका संकेतहरू देखिए। नागरिकको निरासामा खेल्न माहिर खेलाडीहरू एकपछि अर्को रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र र जनताको मुक्ति र अधिकारका निम्ति दशकौं लामो संघर्ष गरेका शक्तिहरूका विरूद्ध आम जनता भड्काउने प्रयत्नहरू लागिरहे।

राजनीतिक शक्तिहरू नागरिक आकांक्षालाई सम्बोधन र निरासाको वस्तुनिष्ठ मूल्याङ्कनका आधारमा अडान बढ्ने कार्यभारमा गम्भीर नहुँदा व्यवस्थाविरोधी गतिविधि र जनमत दुबै वृद्धि हुँदै गएको देखिन्छ। खराबको विकल्प असल हुनुपर्नेमा नागरिकमा खराबको बिकल्प झन् खराब भन्ने मानक स्थापित हुनसक्ने जोखिमपूर्ण परिस्थितिमा राष्ट्रिय राजनीति खडा छ। यस्तो चुनौतीपूर्ण परिस्थितिको वैज्ञानिक विश्लेषणका आधारमा बुद्धिमत्तापूर्ण कदम चाल्न सकिएन भने जनमतबाटै हिटलर र जङ्गबहादुरहरूको उदय हुने खतरा दिन प्रतिदिन बढ्दो छ। यो चुनौतीलाई सकारात्मक रूपमा ग्रहण गरी स्वरूपान्तरण र राजनीतिलाई दर्शन, विचार र मूल्यको बाटो डोऱ्याउने जिम्मेवारी पनि परिवर्तनकारी शक्तिको काँधमा छ। यो जिम्मेवारी साझा उद्देश्यमा एकीकृत तागत पैदा गरेर मात्र पूरा गर्न सकिन्छ।

हामी आफैंले निकै ठूलो सङ्घर्ष, त्याग र बलिदानबाट निर्माण गरेको संविधानले समाजवादोन्मुख राज्यमा जाने सङ्कल्प गर्दछ। तर, समाजवादका हिमायती शक्तिहरूबीच एकता र सहकार्यको बलियो आधार तयार नहुँदा त्यसको प्रत्यक्ष लाभ व्यवस्था विरोधीहरूले लिन थालेका छन्। यो कम्युनिस्ट एवं वामपन्थी शक्तिहरूका लागि मात्रै चुनौतीको विषय नभएर लोकतन्त्र र लोकतान्त्रिक प्रणालीमा विश्वास गर्ने सबै शक्तिका निम्ति साझा सरोकारको विषय हो। तसर्थ, उल्लेखित चुनौतीहरूलाई सकारात्मक रूपमा स्वीकार गरी नेपाली समाजको अग्रगामी रूपान्तरण एवं जनअपेक्षाअनुरूप जनताको जीवनमा परिवर्तन ल्याउन समाजवादी मोर्चा निर्माण ढिलो भइसकेको छ।

**मोर्चाको भूमिका**

सोमबार घोषणा हुन लागेको समाजवादी मोर्चा लोकतन्त्र र लोकतान्त्रिक प्रणालीमा विश्वास गर्ने कुनै शक्ति वा दलविशेषको विपक्षमा निर्माण हुने मोर्चा होइन, बरू यो त लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउने पहरेदारका रूपमा दृढतापूर्वक उभिएको मोर्चा हो। मोर्चाले आफ्नो साझा उद्देश्य, कार्यक्रम र कार्ययोजना सार्वजनिक गर्ने नै छ, त्यसभित्र नै यसको वर्तमान र भविष्य अन्तरनिहित हुनेछ।

समाजवादी मोर्चाको पहिलो भूमिका संविधानले निर्दिष्ट गरेबमोजिम समाजवादको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक आधार निर्माण गर्नु हुनेछ। समाजवादको आधार निर्माणका लागि देशमा ठूलो राजनीतिक बहस र ध्रुवीकरण अनिवार्य छ। आम जनसमूहको दिलदिमागमा समाजवादी व्यवस्थाको महत्वबोध गराउनुका साथै नीति तथा कार्यक्रममा जनभावनाको प्रतिनिधित्व गर्न सकेर मात्र समाजवादको वैचारिक आधार तयार पार्न सकिन्छ, त्यसका लागि प्रारम्भमा समाजवादका सारथिहरू एकै ठाउँमा उभिए, अब समाजको अग्रगामी रूपान्तरणको वातावरण बन्छ भन्ने आत्मविश्वास जनतामा विकास गर्न जरूरी हुन्छ। मोर्चा घोषणाबाट उक्त कार्यभार आधारभूत रूपमा पूरा हुनेछ।

प्रधानमन्त्री प्रचण्ड नेतृत्वको वाम-लोकतान्त्रिक सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित जनमुखी नीति, कार्यक्रम एवं कार्यहरू गरिरहेको छ। तर, पार्टीको आयातन र भूमिका प्रभावकारी नहुँदा देश र जनताको पक्षमा सरकारले गरेका राम्रा कामहरू जनतासम्म पुग्न सकिरहेका छैनन्। सञ्चारमाध्यममार्फत् जाने सूचना र जानकारीमा समेत जनता विश्वस्त हुनसक्ने परिस्थिति छैन। यस्तो परिस्थितिमा सरकारले समाजवादको आधार निर्माणका निम्ति अधिकतम प्रगतिशील पहल लिने र मोर्चाले त्यसलाई जनस्तरमा पुऱ्याई जनतामा समाजवादी जागरण पैदा गर्ने भूमिकालाई ठीक ढंगले संयोजन गर्न सक्दा राजनीतिमा विद्यमान निरासा मात्र सम्बोधन हुने छैन, व्यवस्था, राजनीतिक दल र वामपन्थी शक्तिहरूप्रति जनविश्वाससमेत बढ्नेछ। मोर्चाले यस कार्यभारलाई समेत सकारात्मक ढंगले पूरा गर्ने अपेक्षा गर्न सकिन्छ।

हरेक राजनीतिक आन्दोलन र दलका निम्ति सिद्धान्त, विचार र कार्यक्रम आधारभूत कुरा हुन्। तर, पछिल्लो समय दर्शन, राजनीति र पक्षधरतामा आफ्नो स्वतन्त्र पहिचान नभएका शक्तिहरू क्षणिक घटनाक्रमका आधारमा आफ्ना नीतिहरू तय गरिरहेका छन्। कहाँ जाने भन्ने बाटो पष्ट नभइकन जति तीव्रतामा हिँडिन्छ, त्यति नै छिटो गलत मार्गमा पुगिन्छ भन्ने यथार्थ जनतामा स्थापित गर्नु मोर्चाको अर्को जिम्मेवारी हुनेछ। यसले साझा उद्देश्यका निम्ति साझा सङ्कल्प र साझा सङ्घर्षलाई केन्द्र भागमा राख्ने अपेक्षा गर्न सकिन्छ।

मोर्चाको सबैभन्दा ठूलो जिम्मेवारी र भूमिका राष्ट्र निर्माण एवं समाजवादको आधार तयार पार्ने निश्चित उद्देश्यमा केन्द्रित रही साझा पहल र संघर्षबाट मात्र सम्भव छ भन्ने व्यवहारिक उत्तर दिनु हो। उद्देश्य समान राख्ने तर सामूहिक पहल नलिने अलगाबवादी राजनीतिबाट माथि उठेर मात्र वास्तविक अर्थमा देश र जनताको सेवा गर्न सकिन्छ। जब परिस्थिति र अवस्थिति फेरिन्छ, तब मनस्थिति फेरेर मात्र कुनै पनि शक्ति र पार्टीले देशको समयानुकूल नेतृत्व लिन सक्छ भन्ने सन्देश पनि यसले दिनेछ।

**केही जिज्ञासाहरू**

समाजवादी मोर्चा घोषणाको पहलपश्चात् आम नागरिक र वामपन्थी नेता-कार्यकर्तामा केही प्रश्नहरू देखिएका छन्, ती प्रश्नहरू मूलभूत रूपमा मोर्चाको दीर्घकालीन भविष्य र राष्ट्रिय हितसँग सम्बन्धित छन्। ती प्रश्नहरूबारे विचार गर्नु सान्दर्भिक नै हुन्छ।

पहिलो, समाजवादी मोर्चाले सत्तागठबन्धनमा कुनै असमझदारी कायम गर्छ कि भन्ने प्रश्न छ। यो आफैमा महत्वपूर्ण प्रश्न भए पनि आशंका गर्ने विषय होइन। मोर्चा गठन र यसको भूमिकाले सत्ता गठबन्धनमा नकारात्मक प्रभाव होइन, सकारात्मक योगदान गर्नेछ। समाजवादी मोर्चा गठन हुँदा वाम-लोकतान्त्रिक गठबन्धन थप बलियो हुनेछ, यसले बरालिएको राजनीतिलाई दिशानिर्देश गर्न र प्रजातान्त्रिक शक्तिहरूबीच बलियो एकता कायम गर्नसमेत मनोवैज्ञानिक सन्देश दिनेछ। वर्तमान सरकारमा नेपाली कांग्रेस, माओवादी केन्द्रलगायतका वामपन्थी तथा लोकतान्त्रिक शक्तिहरू सामेल छन्। ती शक्तिबीच साझा समझदारी कायम गरी सरकार अगाडि बढिरहेको छ। समाजवादी मोर्चा घोषणाले छरिएका वामपन्थी शक्तिहरू एउटै मञ्चमा उभ्याउने हुँदा सहमति र सहकार्यका लागिसमेत वातावरण सहज हुनेछ। आजको परिस्थितिमा मात्र होइन, वामपन्थी शक्तिहरू एउटै मोर्चामा रहँदा भविष्यको सत्ता हस्तान्तरणमा समेत सकारात्मक योगदान पुग्नेछ। अर्कोतर्फ, वामपन्थी जनमत गठबन्धनबाहिर जाने खतरा रोक्न र गठबन्धन प्रभावशाली बनाउन यसले भूमिका खेल्नेछ।

दोस्रो, समाजवादी मोर्चा सत्ता साझेदारी र वामपन्थी शक्तिको सत्ता लम्बाउने साधनका रूपमा त अगाडि सारिएको होइन ? भन्ने प्रश्नहरू पनि देखिन्छ। यो प्रश्न पूर्वाग्रहमा आधारित छ। प्रधानमन्त्री र माओवादी केन्द्रको विगत र वर्तमानले भन्छ- राजनीतिमा जे-जति सहमति गरिन्छ, ती सबैलाई हामी इमान्दारी र दृढतापूर्वक लागू गर्छौं। वामपन्थी शक्ति कमजोर वा शक्तिशाली हुनुले सत्ता साझेदारी र हस्तान्तरणको प्रक्रियामा कुनै असर गर्दैन, किनकि हामी संयुक्त गठबन्धनमा छौं, हाम्रो साझा विश्वास र संसदको अंकगणित नै गठबन्धनको मुख्य आधार हो।

तेस्रो, समाजवादी मोर्चाको घोषणापछि वामपन्थी पार्टीहरूको आन्तरिक पार्टी जीवन भद्रगोल त हुँदैन ? भन्ने जिज्ञासाहरू पनि झिनो मात्रामा देखिन्छ। यो चासो सकारात्मक नै भए पनि चिन्ता गर्नुपर्ने अवस्था देखिँदैन, किनकि समाजवादी मोर्चा घोषणापछि पनि कम्युनिस्ट एवं वामपन्थी पार्टीहरूको स्वतन्त्र अस्तित्व रहन्छ, आफ्नो पार्टीको विचार, नीति र कार्यक्रमअनुरूप परिचालित हुन उनीहरू स्वतन्त्र रहनेछन्। यसले पार्टीको आन्तरिक जीवनलाई भद्रगोल होइन, एकरूपता कायम गर्न सकारात्मक ऊर्जा प्रदान गर्न सक्दछ। तसर्थ, मोर्चा घोषणा छरिएका वामपन्थी पार्टीको आयातन र स्वार्थभन्दा धेरै माथिको रणनीतिक महत्वको विषय हो, सिंगो राष्ट्रको सबल नेतृत्व र समाजवादी रूपान्तरणको ऐतिहासिक कार्यभार पूरा गर्ने विषय भएकाले यसमा आवश्यक गर्न जरूरी देखिँदैन।

चौथो, समाजवादी मोर्चामा कुन-कुन दल र को-को सामेल रहन्छन् ? नेपाल समाजवादी पार्टीलगायतका वाम-लोकतान्त्रिक शक्तिसँग मोर्चामा आवद्धताको लागि सकारात्मक सम्वाद भइरहेको भए पनि निष्कर्षमा पुगिसकिएको छैन। अन्य कतिपय वामपन्थी शक्तिहरूसमेत मोर्चामा सामेल हुनसक्ने परिस्थिति छ। यस्तो परिस्थितिमा मोर्चा निर्माणमा पहल लिएका दलहरू मोर्चाको दायरा फराकिलो बनाउन प्रयत्नशील छन्। यो मोर्चाको आयतन यति नै भनेर अहिले नै निश्चित गर्न सकिँदैन। सम्वाद र मोर्चाले खेल्ने सकारात्मक भूमिका सँगसँगै मात्रा र गुण दुबैमा यसको विकास र विस्तार हुनेछ।

**पार्टी एकताको आधार**

तत्कालका निम्ति समाजवादी मोर्चा नेपाली विशेषता र मौलिकतासहितको समाजवादी क्रान्तिको कार्यभारमा सहमत शक्तिहरूको संयुक्त मोर्चा हो। आधारभूत रूपमा संयुक्त मोर्चाका दुई अवधारणा हुन्छन्-एक, कार्यनीतिक संयुक्त मोर्चा र दुई, रणनीतिक संयुक्त मोर्चा। सोमबार घोषणा हुन लागेको मोर्चा क्षणिक राजनीति माग-मुद्दा, कार्यक्रम र साझेदारीका लागि घोषणा गर्ने मोर्चा होइन, बरू समाजवादको आधार निर्माणका लागि पहल गरिएको रणनीतिक संयुक्त मोर्चा हो। कार्यनीतिक संयुक्त मोर्चाहरू निश्चित उद्देश्य प्राप्तिपछि विघटित हुन पनि सक्छन्। तर, रणनीतिक संयुक्त मोर्चा दीर्घकालसम्म अगाडि जान सक्छ।

भविष्यमा यसले आफूलाई पार्टी एकताकै तहमा विकास गर्न सक्दछ। किनकी, मोर्चामा हुने छलफल, बहस र अन्तरक्रियाले विचारको क्षेत्रमा रहेका बेमेलहरूमा एकरूपता ल्याउन, भावनात्मक तिक्तता र दूरतालाई निकटतामा परिणत गर्न महत्वपूर्ण भूमिका खेल्दछ। राष्ट्रिय राजनीतिमा दुषित हावा चल्नसक्ने खतराबाट सचेत नेताहरूको टीम भएकाले मोर्चालाई कुशलतापूर्वक सञ्चालन गर्दै पार्टी एकतासम्म पुऱ्याउन सबैको मेहेनत रहने विश्वास लिन सकिन्छ। तसर्थ, मोर्चाले निकट भविष्यमै समाजवादी बिकल्पको बलियो अभ्यास गर्ने अपेक्षा गर्न सकिन्छ।

अन्त्यमा, देश र जनताको हित एवं समाजवादको आधार निर्माणका दृष्टिले समाजवादी मोर्चा घोषणाको दूरगामी महत्व छ। यसले नेपालको वामपन्थी आन्दोलनलाई नयाँ उर्जा दिनेछ, विश्व कम्युनिस्ट आन्दोलनमा समेत सकारात्मक सन्देश दिनेछ। तसर्थ, घोषित मोर्चालाई लक्ष्य प्राप्तिको दिशामा अगाडि बढाउन सबैको सकारात्मक सोच, उर्जा, पहल र सुझबुझ आवश्यक छ। *(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा खाद्य असुरक्षा बढ्यो : प्रतिवेदन

काठमाडौं, ४ असार (रासस)।

अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठानले नेपालमा खाद्य असुरक्षा र कुपोषण बढेको दाबी गरेको छ। सोमबार सार्वजनिक गरिएको प्रतिष्ठानको 'ग्लोबल फुड पोलिसी रिपोर्ट २०२३'ले सन् २०१७ देखि २०१९ को तुलनामा पछिल्ला वर्षमा नेपाल र दक्षिण एसिया क्षेत्रमासमेत कुपोषण र खाद्य असुरक्षा बढ्दै गएको देखाएको हो।

एकीकृत विकास अध्ययन केन्द्र (आइआइडिएस), बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक), दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र भारतीय कृषि अनुसन्धान परिषद् (आइसीएआर)को सहयोगमा अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठान (आइएफपिआरआइ)ले तयार पारेको प्रतिवेदनको दक्षिण एसियाली संस्करणको सोमबार काठमाडौँमा एक कार्यक्रमकाबीच उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सार्वजनिक गर्नुभयो।

प्रतिवेदनअनुसार सन् २०१९ देखि २०२१ सम्ममा दक्षिण एसियामा कुपोषणबाट ग्रसित मानिसको तथ्याङ्क अफगानिस्तानमा ३० प्रतिशत, बङ्गलादेशमा १२ प्रतिशत, भारतमा १६ प्रतिशत, नेपालमा छ प्रतिशत, पाकिस्तानमा १७ प्रतिशत र श्रीलङ्कामा चार प्रतिशत रहेको उल्लेख गरेको छ। त्यस्तै, गम्भीर खाद्य असुरक्षा भोगिरहेका मानिसको तथ्याङ्क हेर्दा अफगानिस्तानमा करिब २३, बङ्गलादेशमा करिब ११, नेपालमा करिब १३, पाकिस्तानमा करिब आठ र श्रीलङ्कामा करिब दुई प्रतिशत रहेको देखिन्छ।

सन् २०१७ देखि १९ सम्ममा नेपालमा खाद्य असुरक्षा भोगिरहेको जनसङ्ख्या करिब १० प्रतिशत बराबर रहेको पनि प्रतिवेदनमा देखाइएको छ। प्रतिवेदनले दक्षिण एसियाको आर्थिक र सामाजिक अवस्थामा पछिल्लो दुई दशकयताकै खराब अवस्थामा पुग्दा सन् २०२२ मा यो क्षेत्रका चार करोड ८० लाखदेखि पाँच करोड ९० लाख मानिस गरिबीको रेखामुखी रहेको र गम्भीर खाद्य सङ्कटबाट गुज्रिरहेको उल्लेख छ। मुख्यगरी दक्षिण एसियाका अफगानिस्तान, पाकिस्तान र श्रीलङ्कामा चरम खाद्य सङ्कट देखिएको छ।

कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध, विभिन्न प्राकृतिक प्रकोपको असर, ऊर्जा सङ्कट, पेट्रोलियम पदार्थ र रासायनिक मलको मूल्यवृद्धि, राजनीतिक अस्थिरतालगायत कारण दक्षिण एसियाली क्षेत्रमा खाद्य असुरक्षा बढेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

खाद्य सामग्रीको चर्को मूल्यवृद्धि र अभावको अवस्था देखिएपछि सन् २०२२ मा अफगानिस्तान, बङ्गलादेश, भारत र पाकिस्तानले विभिन्न खाद्य वस्तुको निर्यातमा रोक लगाउने निर्णय गरेका थिए। जसमा चामल, गहुँ, चिनीलगायत खाद्यवस्तु थिए। प्रतिवेदनअनुसार सन् २०२२ सेप्टेम्बरमा खाद्य वस्तुको मूल्यवृद्धि श्रीलङ्कामा ६६ प्रतिशत, पाकिस्तानमा ३६ प्रतिशत र नेपाल, भारत तथा बङ्गलादेशमा आठ प्रतिशत थियो।

जलवायु परिवर्तनको असरका कारण विश्वव्यापी रुपमा सन् १९६१ को तुलनामा अहिले कृषि क्षेत्रको उत्पादकत्वमा २१ प्रतिशतले कमी आएको पनि प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, आपूर्ति शृङ्खला बिग्रनु, अव्यवस्थित बसाइँसराइ लगायतका कारणलाई पनि खाद्य असुरक्षा बढ्नुका कारकका रुपमा देखाइएको छ।

खाद्य असुरक्षा न्यूनीकरण र दिगो व्यवस्थापनका लागि गर्नुपर्ने पूर्वतयारी, यस्तो सङ्कटका कारण पहिचान र समाधानका लागि पनि प्रतिवेदनले सुझाव दिएको छ। पूर्वी र दक्षिण एसियाली मुलुकले क्षेत्रीय रुपमा सहकार्यमार्फत् खाद्य सङ्कटको सामना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, उत्तरदायी शासन व्यवस्था, प्रभावकारी सेवा प्रवाह र उपयुक्त नीतिमार्फत् खाद्य असुरक्षासँग लड्न सकिने सुझाव प्रतिवेदनले दिएको छ।

# सेन्सरबोर्डबाट प्रदर्शन अनुमति प्रदानपूर्व नै 'भारतकी' शब्द हटाइएको हो- सञ्चार मन्त्रालय

काठमाडौं, ४ असार (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्रालयले हिन्दी भाषाको कथानक चलचित्र 'आदिपुरुष' मा नेपालको राष्ट्रिय विभूतिका रूपमा रहेकी जानकीलाई भारतीय बेटीको रूपमा प्रस्तुत भएको संवादमा 'भारतकि' शब्दलाई हटाइसकिएको सन्दर्भमा विभिन्न माध्यमबाट जनाइएका आपत्तिका विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै नेपालको सेन्सर बोर्डबाट प्रदर्शन अनुमति प्रदान गर्नुपूर्व नै हटाउन लगाइसकिएको उक्त संवादका सम्बन्धमा पछिल्लो समयमा विभिन्न सञ्चार माध्यम तथा सरोकारवालाहरूबाट जनाइएका अपत्तिका विषयहरूमा समेत मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

"उक्त चलचित्र केन्द्रीय चलचित्र जाँच समितिले जेठ ३१ गते जाँच गर्दा नेपालको एक राष्ट्रिय विभूतिका रूपमा रहेकी जानकीलाई भारतीय बेटीको रूपमा प्रस्तुत भएको संवादमा 'भातरकी' शब्दलाई हटाउन लगाई सो पश्चात मात्र चलचित्र जाँच पास प्रमाणपत्र दिई सार्वजनिक प्रदर्शन गर्न अनुमति प्रदान गरिएको हो", मन्त्रालयका सहायक प्रवक्ता विशाल सापकोटाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ।

चलचित्र आदिपुरुषको जाँचका लागि चलचित्र विकास बोर्डबाट गत जेठ २९ गतेको सिफारिस पत्र केन्द्रीय चलचित्र जाँच समितिमा प्राप्त भएकोमा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा नियमावली, २०५७ को प्रावधान बमोजिम उक्त चलचित्रलाई प्रदर्शन अनुमति दिइएको विज्ञप्तिमा उल्लेख छ।

# अत्यावश्यक औषधि उपलब्ध गराउन विभागको अनुरोध

काठमाडौं, ४ असार (रासस)।

औषधि व्यवस्था विभागले बिरामीलाई अति आवश्यक औषधिको उपलब्धता गराउन औषधि उत्पादक, आयातकर्ता र अस्पताललाई आग्रह गरेको छ। विभागका महानिर्देशक नारायणप्रसाद ढकालले बिरामीको उपचारका क्रममा जीवनरक्षक अत्यावश्यक औषधि बजारमा उपलब्ध गराउन अनुरोध गर्नुभएको छ।

"बिरामीको उपचारका क्रममा आवश्यक पर्ने कतिपय जीवनरक्षक अति आवश्यकीय औषधिहरु बजारमा उपलब्ध नभएको जनगुनासो पटकपटक विभागमा आउने गरेकोप्रति विभागको ध्यानाकर्षण भएको छ", उहाँले जारी गर्नुभएको सूचनामा भनिएको छ।

औषधि अभाव हुन नदिनका लागि के कस्ता प्रकारका औषधिहरु कुन कुन रोगको उपचारमा अभाव भएको छ र सोको जानकारी गर्न गराउनु हुनाका साथै त्यस्ता औषधिको व्यवस्थापनका लागि सम्भावित अभावको पूर्वजानकारीसमेत विभागमा आधिकारिक पत्र वा इमेलमार्फत सबै उत्पादक, आयातकर्ता, सरकारी, सामुदायिक तथा निजी अस्पताल र सङ्घसंस्थालाई अनुरोध गरिएको उहाँले जारी गर्नुभएको सूचनामा उल्लेख गरिएको छ।

# नागरिकता उपलब्ध गराउन आयोगको आग्रह

काठमाडौं, ४ असार (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले माइतीघर मण्डलामा धर्नामा बसेकालाई नागरिकता उपलब्ध गराउन आग्रह गरेको छ। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले सोमबार विज्ञप्ति जारी गर्दै माइतीघर मण्डलामा बसेकालाई नागरिकता अधिकारबाट वञ्चित नगर्न आग्रह गर्नुभएको छ।

आयोगको स्थलगत अनुगमनबाट ती धर्नामा बसेका व्यक्ति जन्मसिद्ध नागरिकता भएको पाइएकाले नागरिकता उपलब्ध गराउन आग्रह गरिएको छ। आयोगले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारका सबै पक्षसँग जोडिएको नागरिकता प्राप्त गर्ने एवं व्यक्तिको पहिचानको विषयलाई संवेदनशील रुपमा लिई नागरिकता प्राप्त गर्ने अधिकारको सम्मान, संरक्षण र सुनिश्चित गर्न सरकारको ध्यानाकर्षणसमेत गराएको उहाँले बताउनुभयो।

"अनुगमनका क्रममा १६ वर्षदेखि ३५ वर्षसम्मका नागरिकहरु धर्नामा बसेको, यस उमेर समूहका नागरिकहरुले विशेषगरी अध्ययन, पेसा, व्यवसाय गरी जीवनयापन गर्ने समयमा नागरिकता नहुँदा उच्चशिक्षा अध्ययन गर्न, वैदेशिक रोजगारमा जान, नेपालमै रोजगारी तथा पेसा व्यवसाय गर्न नपाएको पाइएको छ," विज्ञप्तिमा भनिएको छ, "नागरिकताको विषय नागरिकको राष्ट्रियता, शिक्षा आर्जन गर्ने, पेसा र रोजगारी प्राप्त गर्ने, सम्पत्तिको अधिकार, सामाजिक न्याय लगायतका हरेक पक्षसँग जोडिएको हुन्छ। यसर्थ, नागरिकताको अभाव हुँदा व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत असर पर्न जान्छ।"

नागरिकता प्राप्तिको विषय उठान गरी धर्ना बस्ने क्रममा २५ वर्षीय निरज कामतले यही जेठ ३० गते आफ्नै शरीरमा पेट्रोल खन्याई आत्मदाह गर्ने प्रयास गरेका थिए।

# खोज, उद्धार र प्रभावितको व्यवस्थापनमा ध्यान दिन गृहमन्त्रीको निर्देशन

काठमाडौं, ४ असार (रासस)।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पूर्वीनेपालका विभिन्न जिल्लामा बाढीपहिराका कारण मानिसको मृत्यु तथा बेपत्ता भएको र ठूलो भौतिक क्षतिसमेत भएकाले बेपत्ताहरुको खोजी गरी घाइतेको उपचार, राहत र प्रभावितको उचित व्यवस्थापनमा कुनै कमी हुन नदिन निर्देशन दिनुभएको छ।

पाँचथर सङ्खुवासभा लगायतका जिल्लामा भारी वर्षापछि आएको बाढी तथा पहिराका कारण ठूलो धनजनको क्षति भएपछि आइतबारै आपत्कालीन बैठक बसेर उहाँले उक्त निर्देशन दिनुभएको हो। उहाँको निर्देशनपछि नै आइतबारै मेची राजमार्गको हेवाखोलामा पुल बगाएकाले त्यस ठाउँमा मोडुलर ट्रष्ट ब्रिज निर्माण गरी यातायात सहज पार्न निर्देशन दिनुभएको छ। प्राप्त विवरणमा सो क्षेत्रमा अहिलेसम्म तीन जनाको मृत्यु भएको छ भने २९ जना बेपत्ता छन्। केही पुल बगाएको र झण्डै दर्जन पुलमा क्षति पुऱ्याएको छ। केही घरसमेत बगाएको छ।

गृहमन्त्रीको निर्देशन पश्चात आइतबारै इटहरीबाट पुलका सामान त्यसतर्फ पठाइ सकिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। पूर्वतयारी स्वरुप त्यहाँ पुलका सामान भण्डारण गरिएकाले पूर्वका लागि इटहरीबाट व्यवस्थापन गर्न सजिलो भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताउनुभयो।

## विश्व समाचार

### भारतमा अत्यधिक गर्मीका कारण करिब १०० जनाको मृत्यु

नयाँदिल्ली, ४ असार (रासस/सिन्ह्वा)।

भारतको उत्तर प्रदेश र त्यससँग जोडिएको राज्य बिहारमा पछिल्लो तीन दिनमा भीषण गर्मीका कारण मृत्यु हुनेको सङ्ख्या ९८ पुगेको स्थानीय अधिकारीले सोमबार बताएका छन्। गर्मीका कारण उत्तर प्रदेशमा ५४ जनाको मृत्यु भएको छ भने बिहारमा ४४ जनाको मृत्यु भएको छ। अधिकारीहरुका अनुसार गर्मीका कारण बिरामी परी मृत्यु भएका अधिकांश व्यक्ति ६० वर्षभन्दा माथिका रहेका बताइएको छ। भारतीय मौसम विज्ञान विभाग (आइएमडी) को तथ्याङ्कअनुसार शुक्रबार र शनिबार देशका केही भागमा अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियस पुगेको थियो। यो सामान्यभन्दा ४.७ डिग्री सेल्सियस बढी हो।

उत्तर प्रदेशको सबैभन्दा बढी प्रभावित जिल्ला बलिया हो। बलियाका प्रमुख स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन्, "सबै व्यक्ति केही न केही रोगबाट पीडित थिए र अत्यधिक गर्मीका कारण उनीहरुको अवस्था बिग्रिएको थियो। बिहीबार २३, शुक्रबार २० र शनिबार ११ जनाको मृत्यु भएको थियो।" यसबाहेक बलियाको एक जिल्ला अस्पतालमा पछिल्लो तीन दिनमा कम्तीमा ४०० जनालाई भर्ना गरिएको उहाँले बताउनुभयो। गर्मीका कारण ज्वरो आउने, सास फेर्न गाह्रो हुने र अन्य स्वास्थ्य समस्या देखिएको बिरामीले गुनासो गरेका थिए। जिल्ला प्रशासनका अनुसार बिरामी र कर्मचारीलाई गर्मीको जोखिम हुन नदिन सरकारी अस्पतालमा पङ्खा, एयरकुलर र एयर कन्डिसनरको व्यवस्था गरिएको छ। बिरामीको चापका कारण अस्पतालमा चिकित्सक र प्यारामेडिकल स्टाफको सङ्ख्या बढी रहेको छ।

### कतार र युएईबीच पुनः कूटनीतिक सम्बन्ध स्थापना

दोहा, ४ असार (रासस/सिन्ह्वा)।

कतार र संयुक्त अरब इमिरेट्स (युएई) ले आफ्नो कूटनीतिक प्रतिनिधित्व पुनःस्थापित गर्ने घोषणा गरेका छन्। कतारको अबुधाबीस्थित दूतावास र दुबईस्थित माहावाणिज्य दूतावास र युएईको दोहास्थित दूतावास सोमबारदेखि खुल्ने छन्। कतार न्युज एजेन्सीका अनुसार दुवै पक्षले यो महत्वपूर्ण कदमले दुवै देशका नेतृत्वको दृढतालाई प्रतिबिम्बित गर्नुका साथै संयुक्त अरब पहलको प्रगतिमा योगदान पुऱ्याउँदै दुई अरब मुलुकको भ्रातृ आकाङ्क्षा पूरा गर्न योगदान पुऱ्याउने कुरामा जोड दिएका छन्। सन् २०१७ को जुनमा आतङ्कवादलाई सहयोग पुऱ्याएको र क्षेत्रीयस्तरमा अस्थिरता निम्त्याएको भन्दै साउदी अरब, युएई, बहराइन र इजिप्टले कतारसँगको कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेका थिए। कतारले भने यी आरोपको खण्डन गर्दै आएको थियो। यद्यपि, सन् २०२१ मा साउदी अरबलगायतका खाडी मुलुकले अल-उलामा भएको ४१औँ खाडी सहकार्य परिषद् शिखर सम्मेलनका क्रममा कतारसँग कूटनीतिक सम्बन्ध पुनः स्थापनाको घोषणा गरेका थिए।तर, कतिपय विषयमा सहमति जुट्न नसक्दा यी देश र कतारबीच पूर्ण सामान्यीकरणको प्रक्रियामा ढिलाइ भएको छ।

### ट्युनिसियाबाट ३९ जना कागजातबिहीन आप्रवासीको उद्धार

ट्युनिस, ४ असार (रासस/सिन्ह्वा)।

ट्युनिसियाको नौसेनाले कागजात नभएका आप्रवासीहरूको ३९ जनाको एक समूहलाई उद्धार गरेको जनाएको छ। दक्षिणपूर्वी प्रान्त स्फ्याक्सको तटबाट विभिन्न अफ्रिकी देशका उनीहरूलाई नियन्त्रणमा लिइएको राष्ट्रिय सुरक्षा बलका प्रवक्ता होउसेमेडाइन जेबाब्लीले आइतबार बताउनुभएको छ। जेबाब्लीले आफ्नो फेसबुक पेजमा लेख्नुभएको छ, "स्फ्याक्सको लुआटाको तटमा शनिबार अबेर राति उद्धार कार्य गरिएको थियो। उद्धारका क्रममा राष्ट्रिय नौसैनिक सुरक्षा बलका एक अधिकारीलाई आप्रवासी रहेको डुङ्गाबाट ढुङ्गाले आक्रमण गरेको तर उनीहरूलाई सकुशल नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो। मध्य भूमध्यसागरमा अवस्थित ट्युनिसिया अवैध आप्रवासीहरूले प्रयोग गर्ने युरोपको पहुँचको मुख्य बिन्दुहरू मध्ये एक हो। ट्युनिसियाली तटहरूबाट इटालीतर्फ सामान्यतया अनुकूल मौसमको कारण गर्मीको समयमा आप्रवासनमा जानेको सङ्ख्यामा अत्यधिक वृद्धि हुनेगर्छ।

### ब्राजिलमा आँधीका कारण १३ जनाको मृत्यु, ८० हजार विस्थापित

रियो दि जेनेरियो, ४ असार (रासस/सिन्ह्वा)।

ब्राजिलको दक्षिणी क्षेत्रमा आएको आँधीका कारण मृत्यु हुनेको सङ्ख्या कम्तीमा १३ पुगेको छ। आँधीका कारण हजारौं व्यक्ति विस्थापित भएका अधिकारीहरूले सोमबार बताएका छन्। बिहीबार र शुक्रबार रियो ग्रान्डे डो सुल राज्यमा आएको आँधीका कारण १३ जनाको मृत्यु भएको छ भने अन्य तीन जना अझै सम्पर्कमा नआएको अधिकारीले बताए।मृत्यु हुनेमा एक चार महिनाको शिशु रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। साओ लियोपोल्डो शहरकी एक महिलाले आफ्नो नाम उल्लेख नगरिकन एस्टादाओ पत्रिकासँग भन्नुभयो, "घरभित्र हाम्रो कम्मरसम्म पानी आयो। अग्निनियन्त्रकहरू तुरुन्तै आए र हामीलाई डुङ्गामा चढाएर बाहिर निकाले।

यसका लागि हामी ईश्वरप्रति आभारी छौं।" उहाँले एउटा अकल्पनीय सपनाजस्तो घटना भएको बताउनुभयो। आँधीपछि आएको बाढीका कारण डुबानमा परेका सयौं मानिसलाई हेलिकप्टरबाट पानी बाहिर निकालिएको छ। आँधीका कारण करिब पाँच हजार परिवार घरबारविहीन बनेका छन् भने झण्डै एक लाख व्यक्ति विद्युतीय सेवाबाट वञ्चित बनेका छन्। बिहीवारदेखि शुक्रबारसम्म आएको चक्रवातका कारण जाखिममा रहेका करिब ८० हजार व्यक्तिलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको छ।

# बलानबिहुल र बजाज खडक वारियर्स विजयी




दैनिक समाचारदाता
राजविराज, ४ असार ।

राजविराजमा संचालित सप्तरी प्रिमियर लिगको सोमबार सम्पन्न खेलमा बलानबिहुल सुपर किंग्स र बजाज खडक वारियर्स विजयी भएका छन् ।

स्थानिय पब्लिक विन्देश्वरी स्कुल मैदानमा सम्पन्न पहिलो खेलमा बलानबिहुल सुपर किंग्सले रुपनी राइडर्सलाई ८ विकेटले पराजित गरेको छ । रुपनीले दिएको १ सय २८ रनको लक्ष्य बलानबिहुलले १६.३ ओभरमा २ विकेटको क्षतिमा पुरा गऱ्यो । खराब आउटफिल्डका कारण ढिला सुरु भएपछि १७ ओभरमा छोट्याएर खेलाइएको खेलमा टस जितेर ब्याटिंग गर्दै ८ विकेट गुमाएर १ सय २७ रन बनाएको थियो ।

यस्तै दिनको दोश्रो खेलमा बजाज खडक वारियर्सले छिन्नमस्ता लायन्सलाई ३ विकेटले पराजित गरेको छ । छिन्नमस्ताले दिएको १ सय २४ रनको लक्ष्य खडक वारियर्सले ७ विकेट गुमाएर १६.५ ओभरमा पुरा गऱ्यो ।

टस जितेर ब्याटिंग गरेको छिन्नमस्ता लायन्सले निर्धारित २० ओभरमा ९ विकेट क्षतीमा १ सय २३ रन बनाएको थियो ।

प्रतियोगितामा सप्तरीका ६ वटा फ्रेन्चाइज् टिमको सहभागिता रहेको छ ।

# समाजवाद स्थापना गर्ने लक्ष्यसहित समाजवादी मोर्चा घोषणा

दैनिक समाचारदाता
काठमाडौं, ४ असार ।

चार राजनीतिक दलले सोमबार समाजवादी मोर्चा नेपालको घोषणा गरेका छन् ।

काठमाडौंस्थित राष्ट्रियसभा गृहमा एक कार्यक्रमको आयोजना गरी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका शीर्ष नेताले अवधारणापत्रमा हस्ताक्षर गर्दै मोर्चा घोषणा गरिएको हो ।

अवधारणापत्रमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्दले हस्ताक्षर गरेका छन् ।

नेपाली मौलिकतासहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्यसहित मोर्चा गठन गरिएको जसपाका नेता राजेन्द्र श्रेष्ठले जानकारी दिए ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकाङ्कमा पछाडि परेका मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पूँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने लगायतका मोर्चाको उद्देश्य रहेको छ ।

मोर्चाले दैनिक कार्यसञ्चालनका लागि एउटा सचिवालय गठन गर्नेछ । मोर्चालाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ । कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताले हातेमालो गर्दै प्रसन्नता व्यक्त गरेका थिए ।

# बाढी पहिरोबाट ६ को मृत्यु, ६ घाइते २९ बेपत्ता

काठमाडौं, ४ असार (रासस) ।

अविरल वर्षाको कारण जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी एवं पहिरामा परी सोमबार अपराह्नसम्म ६ जनाको मृत्यु भएको छ । बाढी तथा पहिरामा परी सङ्खुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी जम्मा ६ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । जसमध्ये पाँच पुरुष र एकजना बालिका रहेका छन् ।

साथै बाढी एवं पहिरामा परी सङ्खुवासभामा तीन, ताप्लेजुङमा दुई र पाँचथरमा एक गरी जम्मा ६ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । बाढी पहिरामा परी सङ्खुवासभामा २१, ताप्लेजुङमा तीन र पाँचथरमा पाँचजना गरी जम्मा २९ जना बेपत्ता अझै बेपत्ता भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताउनुभयो । बेपत्ताको खोजी कार्य जारी रहेको पनि उहाँले बताउनुभयो ।

बाढी एवं पहिराका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ६७ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ९७ घरपरिवार विस्थापित भएका छन् । साथै बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नाका साथै विभिन्न स्थानमा भएको बाटो अवरोधसमेत प्रहरीले हटाउने कार्य गरिरहेको छ

### *ग्यास चुल्होको ...*

काठ, फर्निचरको सामान, लत्ता कपडा, भडावर्तन र घर समेत गरी ४ लाख मुल्य बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक हनुमान छ ।

आगोलाई कंचनरुप नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानिय बासिन्दाको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *तीन करोड ५६ ...*

८५ लाख ५१ हजार सात सय ४० बराबर रहेको छ ।

सो अवधिमा राजभण्डारीले रु सात करोड ४२ लाख २९ हजार ८६ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ । त्यसमध्ये रु तीन करोड ५६ लाख ७७ हजार तीन सय ४६ बराबरको रकमको वैधानिक स्रोत पुष्टि हुन नसकेको पाइएको आयोगले जनाएको छ ।

सिंचाइ विभागका महानिर्देशकसमेत रहेका राजभण्डारीले सार्वजनिक दिनमा रहेर पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको पाइएको र त्यस्तो सम्पत्ति श्रीमती दीपा श्रेष्ठको नाममा जग्गा खरिद गरेको, घर निर्माण गरेको तथा विभिन्न कम्पनीमा लगानी गरेको पाइएको छ ।

आरोपी राजभण्डारी र उहाँका श्रीमती दीपाको नाममा रहेको सम्पत्ति जफतको मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिनुभयो ।

# विद्युतीय मुद्रा जारी गर्ने राष्ट्र बैंकको तयारी

काठमाडौं, ४ असार (रासस) ।

नेपाल राष्ट्र बैंकले विद्युतीय मुद्रा (डिजिटल करेन्सी) जारी गर्ने तयारी गरेको छ ।

केन्द्रीय बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले हालसम्म विश्वका ११ मुलुकले विद्युतीय मुद्रा जारी गरिसकेकाले नेपालले पनि त्यसबारे अध्ययन र तयारी गरेको बताउनुभयो ।

वित्तीय तथा विद्युतीय साक्षरताबारे माछापुछ्रे बैंक र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन), नेपालबीचको सहमतिपत्रमा हस्ताक्षर कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले विद्युतीय साक्षरताबारे पुराना पाठ्यक्रम पढाएर भन्दा पनि आधुनिकताको विकाससँगै हरेक दिनका नवीन आयामलाई शिक्षक र विद्यार्थीले आत्मसात् गर्नु पाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार हाल प्रतिमहिना औसतमा रु ४० अर्बको विद्युतीय कारोबार हुने गरेको छ । गत वैशाखमा क्युआर कोडमार्फत ८६ लाख व्यक्तिले रु २६ अर्बभन्दा बढीको कारोबार गरेको भन्दै नेपालमा विद्युतीय कारोबारको प्रयोग बढ्दो रहेको बताउनुभयो । राष्ट्र बैंकले चालु आर्थिक वर्षलाई विद्युतीय भुक्तानी प्रवर्द्धन वर्षका रुपमा सञ्चालन गरिरहेको छ ।

माछापुछ्रे बैंकका अध्यक्ष डा उपेन्द्र महतोले वित्तीय र विद्युतीय कारोबारलाई बढाएर समृद्ध मुलुक निर्माणमा योगदान दिन सकिने बताउनुभयो ।

प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले आर्थिक कारोबार र विद्युतीय मुद्दामा तल्लो तहसम्म सचेतना प्रवाह नभएसम्म मुलुक समृद्ध हुन नसक्ने बताउनुभयो ।

सो अवसरमा प्याब्सन अध्यक्ष ढुङ्गाना र बैंकका प्रमुख कार्यकारी निर्देशक सन्तोष कोइरालाबीच वित्तीय तथा विद्युतीय साक्षरता अभियानसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको थियो ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**बालविवाह अन्त्य करु**
नेपालक कानून अनुसार २० वरषसँ कम उमेरमे बिआह कएनाइ आ करबेना दण्डनीय अछि । २० वरष पूरा नहि भेल अवस्थामे कएल गेल आऽ कराओल गेल बिआह स्वत: समाप्त होइत अछि । सङ्गहि कसुर कएनिहार व्यक्तिके ३ वरषधरि कैद आ तीस हजार टकाधरि जरिवाना होयबाक कानूनी व्यवस्था अछि ।
बालविवाह सामाजिक तथा कानूनी अपराध छियै । एकरा अन्त्य करए लेल सबगोटे अपन-अपन तरफसँ भूमिका निर्वाह करु । बेटाबेटीके शिक्षामे जोड़ दियौ ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np